सन् 2025 मार्च संस्करण

2025

Amagasaki नगर

आन्तरिक पानीबाट हुने डुबान

आन्तरिक पानीको डुबान जोखिमको नक्सा

डुबानको अनुमान गरिएको क्षेत्र (अनुमानित अधिकतम स्तर*)

यस आन्तरिक पानीको डुबान जोखिमको नक्सालाई, ढलमार्गको निकासी क्षमताले नधान्ने ठूलो वर्षात् बाट, डुबान अनुमान गरिएको क्षेत्रका सबैजनालाई पहिल्यै देखि तयारी या प्रतिकदम अपनाउनका लागि बनाइएको हो।

*यहाँ अनुमानित अधिकतम स्तर भनेर "अनुमान गर्न सकिने सर्वाधिक ठूलो स्तरको वर्षा"ले भेल उरालेर ल्याउँछ भनेर पूर्वानुमान गरिएको छ।

*नदीनाला वरिपरिको डुबान अनुमान सम्बन्धमा, अनिवार्य रूपमा बाढी जोखिमको नक्सा समेत भिडाएर चेक गर्नुहोस्।

*पानीको पर्ने तरिका अनुसार, डुबान क्षेत्र तथा डुबान गहिराइ यस क्षेत्र भन्दा फरक हुने हुनसक्छ।

यो नक्सामा तलका डुबान अनुमानित क्षेत्रलाई इङ्गित गरिएको छ
वर्षात्को पानी पसेर डुबान अनुमान गरिने क्षेत्रको नक्सा (अनुमानित सर्वाधिक ठूलो स्तरको वर्षा)
(सन् 2025 फेब्रुअरीको समय विन्दु अनुसार)
[तयार गर्ने संस्था] Amagasaki नगर सार्वजनिक उद्यम विभाग

अनुमानित वर्षाको परिमाण
यस नक्सामा अनुमानीत डुबान हुनका लागि आवश्यक अवस्था

अनुमानित सर्वाधिक ठूलो स्तरको वर्षा
1 घण्टामा 147 mm

डुबानको अनुमान नगरिएका सथान, रङ्ग मपेलिएकै स्थानमा समेत सावधानी आवश्यक हुनुछ।

Amagasaki नगरमा विपद् आइपरेको समयको लागि, निम्न आश्रय स्थलहरू निर्धारण गरिएका छन्।

सुनामी आदि अस्थायी आश्रय स्थल भन्नाले सुनामी, तुफानी ज्वारभाटा, बाढी इत्यादि आएको बेलामा, सुनामी चेतावनी या सुरक्षित स्थानमा जाने जानकारी सम्बन्धी सूचना जारी गरिएको समय देखि सूचना रद्द गरेसम्मको अन्तरालमा, अस्थायी रूपले आश्रय लिन सकिने स्थान हो। सार्वजनिक सुविधा गृहका अलावा, निजी भवनका मालिकहरूबाट आश्रय स्थल तोक्नमा सहयोग प्राप्त भएको छ।

तोकिएको आश्रय स्थल भनेको विपद् द्वारा बसोबास गुमेको अवस्था या, विपद् आइपरे पश्चात् विपद्को जोखिम नहटेसम्म मध्यम तथा दीर्घकालीन अवधि सम्मको लागि सुरक्षित विस्थापित जीवनयापन गर्ने स्थान हो।

कल्याणकारी आश्रय स्थान भन्नाले विपद्को बेलामा सहायता र विशेष हेरचाह आवश्यक पर्ने व्यक्ति (विपद्को समयमा सहायता आवश्यक पर्ने व्यक्ति) लाई मध्यनजर गरिएको आश्रय स्थल हो।
(विपद्को बेलामा आवश्यकता अनुसार खोलिने द्वितीय चरणको आश्रय स्थान हो जुन, मूलतः सुरुवातदेखि नै उपयोग गर्न मिल्दैन।)

पहिल्यै देखि आफ्नो लागि भाग्न सजिलो हुने आश्रय स्थल निश्चय गरी राखौं।

आश्रय गन्तव्य स्थल सोच्ने

आश्रय रूट ठम्याई राख्ने

पैदल दूरीको अनुमान

सिक्का पैसा प्रयोग गरेर नक्सामा अनुमानित दूरी र समय मापन गरेर हेरौं।

नक्सामा अनुमानित दूरी र समय मापन गर्ने

10 येनको सिक्का 1 ओटा बराबर लगभग **400m**

23.5mm

10 येनको सिक्का 1 ओटा बराबर लगभग
14 मिनेट

हिँडडुल गर्न समस्या पर्ने व्यक्ति, दुधेबालक आदि
प्रत्येक सेकेण्ड लगभग 0.5m
लगभग 7 मिनेट

प्रत्येक सेकेण्ड लगभग 1.0m

*पैदल गति गणना गर्दा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय अग्नि नियन्त्रण विभागको "सुनामीबाट भाग्ने प्रतिकदम प्रवर्द्धन म्यानुअल निर्माणार्थ विचार विमर्श आयोगको प्रतिवेदन" लाई सन्दर्भ सामग्री मानेर गणना गरिएको छ।

साङ्केतिक अर्थ सूची

- सुनामी आदि अस्थायी आश्रय स्थल
- तोकिएको आश्रय स्थल
- कल्याणकारी आश्रय स्थान
- नगरपालिका कार्यालय
- कर्षेतरीय प्रवर्द्धन केन्द्र
- पुलिस स्टेशन
- दमकल स्टेशन
- सरकारी मान्यता प्राप्त आपतकालीन उपचार सक्षम चिकित्सा संस्था
- हेलिप्याड
- पानी रोक्ने गेट
- जलप्रकोप नियन्त्रण गोदाम
- पम्पङि स्टेशन आदि
- ढल प्रशोधन प्लान्ट
- जल स्तर नरीक्षण स्थान
- वपिद् रोकथाम प्रशासनिक वायरलेस माइकङि
- भूमिगत बजार आदि (पार्कङि सथल, व्यावसायिक सुवधिा सथल)
- भूमिगत सडक, अन्डरपास-रोड

अनुमानित डुबानको गहिराइ

- 10.0m देखि 20.0m भन्दा कम
- 5.0m देखि 10.0m भन्दा कम
- 3.0m देखि 5.0m भन्दा कम
- 1.0m देखि 3.0m भन्दा कम
- 0.5m देखि 1.0m भन्दा कम
- 0.5m भन्दा कम

अनुमानित डुबानको गहिराइ

डुबानको गहिराइ

- 5m देखि 10m — 2 तल्लाको छाना भन्दा माथि सम्म डुबान
- 3m देखि 5m — 2 तल्लाको छाना मुनि डुबान
- 1m देखि 3m — 1 तल्लाको छाना मुनि डुबान
- 0.5m देखि 1m — भुई माथि डुबान
- 0.2 देखि 0.5m भन्दा कम — आश्रय लिन जान समेत खतरा

रङ्ग नपोतिएको स्थान समेत डुबानमा पर्न सक्छ। सावधान भएर चाँडै सुरक्षित स्थानमा आश्रय लिन जानमा मन लगाऔं।

1 : 17,000
0 500 1,000m
ग्रिडको अन्तराल 1km (1,000m)

आश्रय लिन जाँदाको मेइन-पोइन्ट: पानी भएको सतहको मुनि खतरा !

20 cm डुबान भयो भने, सडक जलमग्न भएर फुटपाथ र सडक छुट्याउन नसकिने हुन्छ। साइडको खोल्सा या ढक्कन हटेको म्यान-होल पनि थाहा पाइँदैन।
डुबान भएपछि, पानी तुरुन्तै कम हुँदैन।

1. लामो लौरोले टेकेर अगाडि चेक गर्दै, सकेसम्म सडकको मध्य भागबाट हिँड्ने।
2. साना बच्चा तथा अपाङ्गता भएका वृद्धवृद्धाहरूलाई पिठिउँमा बोक्ने आदि गरेर, सुरक्षित रूपमा आश्रय लिन जाने।

बाढी, विनाशकारी वर्षा हुँदाको "खतरनाक ठाउँ"

●अन्डरपास

अन्डरपास भन्नाले, सडक र रेलमार्गहरू उचाइबाट क्रस भएर जाने ठाउँमा, त्यसको मुनिबाट पास हुने सडकलाई भनिन्छ। ठूलो वर्षात् या बाढीहरू आउँदा, अन्डरपास सडक सबैभन्दा पहिला डुबानमा पर्न जान्छन्।
अन्डरपासको स्थान पत्ता लगाएर, आपत्कालीन बेलाको तयारी स्वरूप बाइपास मार्गहरू चेक गरी राखौं।

1. आफ्नो ज्यान जोगाउनका लागि ठूलो वर्षात् को समयमा, अन्डरपासबाट नगएर, त्यसको सट्टाको बाइपास मार्गबाट जानुहोस्।
2. सिद्धान्ततः, ठूलो वर्षात् को समयमा मोटर लिएर आश्रय लिन नजाने।

20cm नाघ्ने डुबान छ भने चलाउन गाह्रो पर्छ।
(सेमि-मिडियम मोटरगाडी भएमा)

●म्यानहोलको ढक्कन, कुलो

ठूलो वर्षात् को कारणले म्यानहोलको ढक्कन फुत्कन सक्ने हुनाले, नजिकिनु अत्यन्त खतरनाक हुन्छ। साथै, कुलोको बहाव बढेको हुने हुँदा, खस्न पुगेमा बगाएर लैजान समेत हुने हुनाले, अनावश्यक रूपमा नजिक पर्ने नगरौं।

विनाशकारी वर्षाको विपद् ल्याउने "रेखीय वर्षा पट्टी"

अचानकको मौसमी अवस्था परिवर्तन प्रति विशेष ध्यान लगाउने गरौं।
रेखीय वर्षा पट्टीको सिर्जना र समुद्री आँधीबाट आउने विपद् बाट ज्यान जोगाउनका लागि भने, अग्रिम तयारी अत्यन्त महत्वपूर्ण हुन्छ। पहिल्यै देखि, विपद् को बेलामा आश्रय लिन जाने तयारी गरौं।

- आश्रय लिन जाने स्थान निश्चय गर्ने
- विपद् रोकथाम सामग्री (Bosai Goods)हरूको तयारी
- घरको वरिपरि चेकजाँच
- जानकारी सङ्कलन गर्ने माध्यम निश्चय गर्ने

जापान मौसम विज्ञान एजेन्सी

रेखीय वर्षा पट्टी सम्बन्धित हरेक किसिमका जानकारी चेक गर्न सकिन्छ।

आन्तरिक पानी उर्लेर भेल पस्ने कार्य छोटो समयमा ठूलो वर्षात् मा पनि सिर्जना हुन्छ !

एकै क्षेत्र केन्द्रित विनाशकारी वर्षाप्रति सावधान ! एकै क्षेत्र केन्द्रित विनाशकारी वर्षा, सानो क्षेत्र केन्द्रित ठूलो वर्षात् आउँदाको तयारी स्वरूप, सर्पै पानी पराईको अवस्था चेक गरी राखौं।

मध्यम आरी वर्षा	आरी वर्षा	आरी घोप्टे वर्षा	अत्यधिक आरी घोप्टे वर्षा	भयङ्कर वर्षा
1 घण्टामा 10mm देखि 20mm भन्दा कम	1 घण्टामा 20mm देखि 30mm भन्दा कम	1 घण्टामा 30mm देखि 50mm भन्दा कम	1 घण्टामा 50mm देखि 80mm भन्दा कम	1 घण्टामा 80mm वा सो भन्दा माथि
•झमझम पर्छ। •कोठा भित्र समेत झरीको आवाजले मानिस बोलेको राम्रो सुनिँदैन। •जमिनको सतहभरी पानी जम्न थाल्छ।	•मुसलधारे वर्षा। •छाता ओढेपनि भिजिन्छ। •सुतिरहेको भएपनि आधा जति मानिसले पानी परेको घाल पाउन सक्छन्। •गाडीको वाइपर छिटो छिटो चलाएपनि अगाडि देख्न गाह्रो पर्छ।	•बाल्टिन घोप्ट्याएको जसरी पर्छ। •सडक नै खोला जस्तो हुन्छ। •उच्च गतिमा गाडी चलाउँदा, ब्रेकले काम गर्दैन। (हाइड्रोप्लेनिङ परिघटना)	•झरना जसरी अविरल वर्षिरहन्छ। •छाता पटक्कै काम नलाग्ने हुन्छ। •पानीको छिर्काले वरपर सेतै भएर, भिजिबिलिटि खराब हुन्छ। •गाडी चलाउनु खतरा हुन्छ।	•श्वास फेर्न गाह्रो र प्रेसरको अनुभव हुने गरी पर्छ र डरको अनुभूति हुन्छ। •छाता पटक्कै काम नलाग्ने हुन्छ। •पानीको छिर्काले वरपर सेतै भएर, भिजिबिलिटि खराब हुन्छ। •गाडी चलाउनु खतरा हुन्छ।

वर्षा हुने तरिका शक्तिशाली हुँदै जान्छ

हालैको वर्षहरूमा, ठूलो वर्षात् तथा समुद्री आँधीबाट देशैभरी बारम्बार विपद् आइरहेको छ।
यस्ता खालका मौसमी परिघटना, आउँदा दिनमा झनै वृद्धि हुन्छ भनिएको छ र, बाढी लगायतका खतराहरू थप उच्च भइरहेको छ।



छोटो समयमा ठूलो वर्षात् हुने आन्तरिक पानी उर्लेर भेल पस्ने भन्नाले

छोटो समयमा ठूलो वर्षात् भएको बेलामा, कुलो या ढलमार्ग आदिको निकासी क्षमताले नधानेर, निकासी हुन नसकेर वर्षात्को पानी जमिन माथि भरिभराउ हुने परिघटना नै आन्तरिक पानी उर्लेर भेल पस्ने हो। नदीनालाको जल स्तर उच्च भएर पानी निकास हुन नसकी, उल्टो तर्फ बगेर कुलोहरू भरिभराउ हुने समेत हुन्छ। यी कारणहरूले गर्दा, जमिन माथि वर्षाको पानी जम्मा भई, घरबार डुबानमा पर्ने लगायतको क्षति हुनजान्छ।

डुबानको अनुमान नगरिएको स्थानमा समेत खतराको महसुस भएमा, आश्रय लिन जाने जानकारी सम्बन्धी सूचना जारी नपर्खी, चाँडो भन्दा चाँडो सुरक्षित स्थानमा जाने कुरामा मन लगाऔं।

【जारीकर्ता, सोधपुछ】
Amagasaki नगर सङ्कट व्यवस्थापन तथा सुरक्षा ब्युरो; सङ्कट व्यवस्थापन तथा सुरक्षा विभाग; विपद् व्यवस्थापन शाखा
〒660-8501 Hyogo-ken Amagasaki-shi Higashi Nanamatsu Cho 1-23-1
टेलिफोन नम्बर: 06-6489-6165 फ्याक्स नम्बर: 06-6489-6166